लेखापरीक्षण प्रतिवेदन

मध्यपुर थिमी नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मध्यपुर थिमी नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/59

श्रीमान् नगरप्रमुखज्यू,
मध्यपुर थिमी नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, भक्तपुर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/59

श्रीमान् नगरप्रमुखज्यू,
मध्यपुर थिमी नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, भक्तपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस मध्यपुर थिमि नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फ रु. ३ अर्व १९ करोड २४ लाख ३० हजारको लेखापरीक्षणबाट रू. ४ करोड ९७ लाख २९ हजार बेरुजु देखिएकोमा रु. ८९ लाख ३२ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई तथा रु. २ हजार थप भई असुल गर्नुपर्ने रू. ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८६ लाख २१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३४ लाख ९७ हजार र पेश्की रू. १ करोड ८६ लाख ४६ हजार समेत रू.४ करोड ८ लाख बाँकी रहेको छ। गत वर्ष सम्म कायम बेरुजु रु.१९ करोड ९४ लाख २८ हजार बेरुजु बाँकी रहेकोमा यस बर्षको रू. ४ करोड ८ लाख थप समेत हालसम्म अद्यावधिक बेरुजु रु. २४ करोड २ लाख २८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले मध्यपुर थिमी नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरूजु बर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६८	५३	४,९७,२९,३२०	०	१९	८९,३१,९१५	२,५५०	६८	३४	४,०७,९९,९५५	३५,८८२	१,३४,९६,६०९	८६,२१,४६५	०	०	२,२१,१८,०७४	१,८६,४६,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण भएको रकम	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काठमाडौं	१९,९४,२८,०००		०			४,०७,९९,९५५	२४,०२,२७,९५५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४३	सामाजिक सुरक्षा तर्फ	४,०५,९२१
२	२०८१/८२	२४	प्रमाण	१,३६,५००
३	२०८१/८२	७	पेश्की व्यवस्थापन	१४,४६,०००
४	२०८१/८२	३६	नि:शुल्क पाठ्यपुस्तक अनुदान	३२,५७१
५	२०८१/८२	३५.२	दिवा खाजा अनुदान	१६,५७५
६	२०८१/८२	४०.२	खर्चको पुष्ट्याई	२६,३५०
७	२०८१/८२	२२.७	आन्तरिक आय तर्फ	२५,००,४१३
८	२०८१/८२	५.२	अनुदान	४३,६७,५८५

जम्मा	८९,३१,९१५

मध्यपुर थिमी नगरपालिका, भक्तपुर

(८०३३३४०३३००)

मध्यपुर थिमी नगरपालिका , भक्तपुर

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय : स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व, समन्वय, प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वटा वडा कार्यालय रहेको छ भने क्षेत्रफल ११.९६ वर्ग किलोमिटर तथा १,१९,७५६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१७ देखि २०८२।९।३० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्यायतर्फ रु. ३ अर्ब १९ करोड २४ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ।

स्थानीय सरकार							
मध्यपुर थिमि नगरपालिका							
नगर कार्यपालिकाको कार्यालय							
थिमि,भक्तपुर बागमती प्रदेश							
आर्थिक बर्ष २०८१/082							
एकिकृत आय र व्यय विवरण							
क) मध्यपुरथिमि							
सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम (C)	जम्मा रकम (D)		विवरण	सहायक रकम (G)	जम्मा रकम (H)
१	गतवर्षको मौज्दात		५३५५२६४२७	१	चालु खर्च		५४५३९८६००
	क) नगद मौज्दात	०			म.थि.न.पा. चालु	२९८४६७१२९	
	ख) संचित कोष खाता मौज्दात	४१७५२५४१६			संघीय सशर्त चालु	२२९९३८८७४	
	ग) धरौटी खाता मौज्दात	२६९३५६२०			प्रदेश चालु	१६९९२५९७	
	घ) ग-५-१ स्थानीय तह विविध कोष खाता	४७९१४३६२		२	पुँजीगत खर्च		६१९०५६६५९
	मर्मत संभार कोष-४७९९४३६१.६५				म.थि.न.पा. पुँजीगत	५१०९४२४६९	
	ङ) वातावरण संरक्षण कोष	२०००००			संघीय सशर्त पुँजीगत	८९२७७७३४	
	च) दैवी प्रकोप व्यवस्थापन कोष	१२०००००			प्रदेश सशर्त पुँजीगत	१८८३६४५६	
	छ) कर्मचारी कल्याण कोष न.पा.	२९८१३११८		३	वित्तीय		०
	ज) विविध कोष खाता ग-२-७ ने.बै.लि. थिमि	१०६२४०१२		४	अन्तर सरकारी अख्तियारी		२१५१५६७०२
	सडक बोर्ड नेपाल	३६६८२५७		५	कार्यालय संचालन कोष		२५४२००७९
	काठमाडौं महानगरपालिका	३०११७३		६	धरौटी फिर्ता र सदरस्याहा		७४८०२४०
	लैङ्गिक हिंसा निवारण कोष	३०००००		७	कर्मचारी कल्याण कोष न.पा.		२०५६०५२५
	आयोजना व्यवस्थापन खर्च	१५५०८४७					
	गाउँ नगर साझेदारी	२१०३७३५					

	कार्यक्रम						
	सामुदायिक बि. मर्मत सम्भार कोष	२२०००००					
	बाल उद्धर कोष-	५०००००					
	झ स्थानीय तह प्रकोप व्यवस्थापन कोष	१३१३८९९		८	मौज्दात (Closing Balance)		५०२९९७७९०
2	आन्तरीक राजस्व र राजश्वबाँडफाँड	५७३४०७९१४	५७३४०७९१४		क) नगद मौज्दात	०	
	क) आन्तरिक राजश्व र नगद जनसहभागिता	२६६३८०७३५			ख) संचित कोष खाता मौज्दात	४०२९१५८५१	
	ख) राजश्व वाँडफाड संघ,प्रदेश,स्थानीय	३०७०२७१७९			ग) धरौटी खाता मौज्दात	२७५०३९७६	
3	संघीय सरकारवाट प्राप्त (वित्तीय हस्तान्तरण :	५१७६०१७२८	५१७६०१७२८		घ) स्थानीय तह विविध कोष खाता	४७९१४३६३	
	क)वित्तिय समानीकरण	१९८३८५१२०			मर्मत संभार कोष-४७९१४३६2.६५		
	ख)सर्शत अनुदान	२२९९३८८७४			ङ) वातावरण संरक्षण कोष	२०००००	
	ग) शसर्त अनुदान पुँजिगत	४१८५८६२६			च) दैवी प्रकोप व्यवस्थापन कोष	१२०००००	
	घ) विषेश अनुदान पुँजीगत	३६००००००			छ) कर्मचारी कल्याण कोष न.पा.	१२२४३८६१	
	ङ) समपुरक अनुदान पुँजीगत	११४१९१०८			ज) विविध कोष खाता ग-२-७ (ने.बै.लि. थिमि)	९७०५८४०	
4	प्रदेश सरकारवाट प्राप्त (वित्तीय हस्तान्तरण	५८८३६०५३	५८८३६०५३		सडक वोर्ड नेपाल -२६९४८२/-		
	क) वित्तिय समानिकरण	२३००७०००			काठमाण्डौ महानगपलिका -३०११७३/-		
	ख) सर्शत अनुदान चालु	१७९०४४६९			लैङ्गिक हिंसा निवारण कोष-३०००००/-		
	ग) शसर्त अनुदान पुँजिगत	६९५०२७४			आयोजना ब्यबस्थापन खर्च-१५,५०,८४६.५०		
	घ) विषेश अनुदान चालु	४१३५१७२			गाउ नगर साझेद्दारी कार्यक्रम -२१०३७३५.०९		
	ङ) समपुरक अनुदान पुँजिगत	६८३९१३८			सामुदायिक बि. मर्मत सम्भारकोष-३९०००००/-		
5	अन्तर सरकारी		२१५१५६७०२		बाल उद्धर		

	आख्तियारी				कोष-५००००० /-		
	सामाजिक सुरक्षा तथा संरक्षण				महोत्सब खर्च-७८०६०३/-		
	सामाजिक विकास कार्यक्रम	२०६०४९४४२			भ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष ने.वै.लि. थिमि	१३१३८९९	
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१५३०००					
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८९५४२५९					
6	कार्यालय संचालन कोष		२४५०१९०८				
7	स्थानीय तह प्रकोप व्यवस्थापन कोष		०				
8	धरौटी आय		८०४८५९६				
9	कर्मचारी कल्याण कोष		२९९१२६८				
	जम्मा		१९३६०७०५९५		जम्मा		१९३६०७०५९५

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्छ। वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

सि. नं.	खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
१	संचित कोष	४०२९१५८५१.१	४१५९३६२६२.३	१३०२०४११.१६
२	बाँडफाँटबाट प्राप्त राजस्व खाता	०	०	०
३	स्थानीय तह प्रकोप खाता	१३१३८९९.०३	१३१३८९९.०३	०
४	पुजिगत खाता	०	०	०
५	चालु खर्च खाता	०	०	०
६	स्थानीय आकस्मिक कोष खर्च खाता	०	०	०
७	राजश्व खाता	०	३०७५८८.८४	३०७५८८.८४
८	बिबिध कोष खाता	४७९१४३६२.६५	४७९१४३६२.६५	०
९	स्थानीय बिभाज्य कोष खाता	०	०	०
१०	धरौटी	२७५०३९७६.१८	२७५०३९७६.१८	०
११	विविध खर्च खाता	९७०५८३९.५९	९७०५८३९.५९	०
१२	वातावरण संरक्षण कोष	२०००००	२०००००	०
१३	दैवी प्रकोप व्यवस्थापन कोष	१२०००००	१२०००००	
१४	कर्मचारी कल्यांण कोष	१२२४३८६१	१२२४३८६१	
	जम्मा	५०२९९७७८९.६	५१६३२५७८९.६	१३३२८०००

२.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण पेश गरेको छ । सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको अनुसूचीमा संलग्न प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्य कोष तर्फ (वातावरण संरक्षण कोष, दैवि प्रकोप व्यवस्थापन कोष, कर्मचारी कल्यांण कोष) को गत वर्षको जिम्मेवारी रु. ३,१२,१३,११८।४१ यस वर्षको आम्दानी रु. २,९९१,२६८।०९ खर्च रु. २,०५,६०,५२५।४० र वांकी रु. १,३६,४३,८६१।१० र अन्तर सरकारी अख्तियारी तर्फको रु. २१,५१,५६,७०१।६५ रकम सुत्र प्रणालीको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा समावेश नभएकोले उक्त रकम समेत समावेश गरी एकीकृत आर्थिक विवरणमा तयार गरेको छ ।तर पालिकाले गत विगतको बाँडफाँड गर्न बांकी मनोरन्जन करको रु. १२०,०९५।१७ र विज्ञापन करको रकम रु. २१,८९,७३१।८८ गरी जम्मा रु. २३,०९,८२७।०५ एकीकृत आर्थिक विवरणमा जिम्मेवारी सारेको देखिएन।पालिकाले आम्दानी बांधी हिसाव मिलान गर्नुपर्ने देखिन्छ । उक्त रकम बाँडफाँड गरी पालिकाले स्थानीय संचितकोषमा आम्दानी जनाएको तथा प्रदेश संचितकोषमा जम्मा गरी सकेको देखिन्छ । स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा पालिकाको सम्पूर्ण कारोवार समावेश गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

	गतको जिम्मेवारी	यो बर्षको आम्दानी	यो बर्षको खर्च	वर्षान्तको मौज्दात
म.ले.प.२७० अनुसार	५०६६२३१३५.१९	११८२३९६१९८.४७	११९७३५५५७८.०७	४८९३५३९२८.५४
एकिकृत वित्तीय विवरण	५३५५२६४२६.५५	१४००५४४१६८.२१	१४३३०७२८०५.१२	५०२९९७७८९.६४
फरक	२८९०३२९१.३६	२१८१४७९६९.७४	२३५७१७२२७.०५	१३६४३८६१.१

३ **आन्तरिक नियन्त्रण तर्फ**

३.१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३.२ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

३.३ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

क) बजेट व्यवस्थापन तर्फः

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• दिगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्नेमा नगरेको ।

• सवै योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरेर मात्र भुक्तानी गर्नुपर्नेमा नगरेको ।

ख) खरिद व्यवस्थापन तर्फः

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि प्रभावकारी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयनको व्यवस्थित अभिलेख नराखेको ।

ग) शिक्षा तर्फः

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

घ) विविध तर्फः

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक कार्यालयलाई नदिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• साविकमा अनुदान दिइएका कार्यक्रम तथा योजनाको वस्तुपरक मूल्यांकन नगरेको ।

• नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरा कार्यान्वयन नगरेको ।

नगरपालिकाले उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उप-प्रमुखले मिति २०८१।०३।१० गते रु. १ अर्व ६९ करोड ४४ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोहि दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.२ **योजना संसोधन तथा रकमान्तर-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत खर्च गरी सभावाट अनुमोदन गरी रु ९ करोड ३८ लाख ६५ हजार रकमका ७२ वटा योजनाहरु घटाएर रु ९ करोड ७३ लाख ६५ हजारका ७२ वटा नै योजनाहरुमा रकमान्तर गरी खर्च गरेको छ। यसरी पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत रकमान्तर गर्ने कार्य बजेटको सिद्धान्त विपरित देखिन्छ। बजेटमा समावेश भएका योजना तथा कार्यक्रम मात्र संचालन गर्न पालिकाले विशेष ध्यान दिनु पर्दछ।

४.३ **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार समिति गठन गरी बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट तर्जुमा एवं सोको कार्यान्वयन हुनुपर्दछ ।

४.४ बजेट तथा कार्यक्रम तर्जुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४.५ योजना छनौट र कार्यान्वयन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०८१/८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छ ।

	रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाख सम्मका	रु. ५लाख देखि १० लाखसम्मका	रु. १०-५० लाख सम्म	५० लाख भन्दा बढी	५०/५० लागत जन सहभागिता	अन्य योजनाहरु	जम्मा
वडा स्तरिय	०	११	३४	२४	३२	०	०		१०१
पालिका स्तरीय	१	४	१६	५१	९४	२७	१		१९४
जम्मा	१	१५	५०	७५	१२६	२७	१		२९५

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १० लाख भन्दा माथिका जम्मा १५४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ६६ वटा ४३ प्रतिशत योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४.६ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेपर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेता पनि आवधिक योजनासँग तालमेल हुनेगरी वजेट तथा कार्यक्रम कार्यान्वयन गरेको पाइएन। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनामा भएका विषयहरुलाई नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्नुपर्दछn।

त्रैमासिक पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च रु.	त्रैमासिक खर्च रु.				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	६१,९०,५६,६५९	१,०७,५७,५०६	६,६७,९५,७१०	१५,३५,७५,८११	३८,७९,२७,६३२	२८,१३,४३,०८०
प्रतिशत	१००.००	१.७४	१०.७९	२४.८०	६२.६७	४५.४५

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा १.७४ प्रतिशत दोश्रो त्रैमासिकमा १०.७९ प्रतिशत तेश्रो त्रैमासिकमा २४.८१ प्रतिशत र चौथो त्रैमासिकमा ६२.६७ प्रतिशत र आषाढ महिनामा मात्र ४५.४५ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

४.७ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च रु.	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	७४२३५०००	३४९११५२१	४७.०३
२	पूर्वाधार विकास	८४०८६२०५०	४२५१०८७२३.९	५०.५५
३	सामाजिक विकास	५३४४७९०००	४०८६२४६००.२	७६.४५
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	४२४५२८००	२४७३९७३५	५८.२८
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	२०२३८४६५०	१७१०७०६७९	८४.५३

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी ८४.५३ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी अर्थात् ४७.०३ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकी बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

५ अनुदान

५.१ संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तिय समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८२।०३।३१ मा फिर्ता गरेको देखिन्छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	फिर्ता मिति
संघीय सरकार	सशर्त	३२०४६६२५०	२७१७९७४९९.७	४८६६७७५०.२७	२०८२।३।३१
	विषेश	३६००००००	३६००००००	०	२०८२।३।३१
	समपूरक	१३२५००००	११४१९१०८	१८३०८९२	२०८२।३।३१
प्रदेश सरकार	सशर्त	४९२०४०००	२४८५४७४३	२४३४९२५७	२०८२।३।३१
	विषेश	६५०००००	४१३५१७२	२३६४८२८	२०८२।३।३१
	समपूरक	२०३०३०००	६८३९१३८	१३४६३८६२	२०८२।३।३१ र ३२
	जम्मा	४४५७२३२५०	३५५०४५६६०.७	९०६७६५८९.२७	

५.२ अनुदान

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **४,३६७,५८४.९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६ खरिद तथा ठेक्का अभिलेख

६.१ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू. ६१ करोड ९० लाख ५६ हजार

पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । पालिकाले नियम बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६.२ **ठेक्कागत अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म.ले.प.फा.नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) लगत राखेको देखिएन। पालिकाले कानुनमा तोकिए वमोजिम अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

७ पेश्की व्यवस्थापनः

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० र ५१ मा पेश्की दिने र फछ्र्योट गर्ने सम्वन्धी व्यवस्था गरेको छ । साथै तोकिएको अवधी भित्र फछ्र्योट नगरेमा वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था गरेको छ। पालिकाले विगतमा दिएका निम्न अनुसारको पेश्की म्याद सकिएको अवस्थामा समेत फछ्र्योट गरेको नदेखिएकोले नियममा भएको व्यवस्था वमोजिम असुल फछ्र्योट गर्नुपर्ने देखिन्छ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **११७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **९९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

पेश्की	१,८६,४६,०००

८ कर्मचारी कल्याण कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका स्थायी कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण औषधि उपचार लगायत सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त कोषमा कर्मचारी कल्याण कोषको लागि हालसम्म छुट्याइएको सवै रकम, प्रत्येक आर्थिक वर्षमा कर्मचरीका लागि भुक्तानी गरिने न्यूनतम एक महिनाको तलव बराबरको रकम, पालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुने रकम, कोषको रकम ऋण लगानी वा पूँजि परिचालन गरी प्राप्त हुने रकम कोषमा राखि बैंक खाता खोली आर्थिक कारोवार संचालन हुने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले कर्मचारी कल्याणकोष संचालन कार्यविधि तर्जुमा गर्नुपर्नेमा गरेको देखिएन । पालिकाले यो वर्ष वित्तिय समानिकरण अनुदान चालु बजेट उपशिर्षकमा रु. ७० लाख बजेट विनियोजन गरेकोमा रु. ७ लाख १२ हजार खर्च लेखेको छ । ऐनले गरेको व्यवस्था अनुसार सम्वन्धित कर्मचारीको तर्फबाट न्यूनतम एक महिनाको तलव बराबरको रकम लगायत व्यवस्थाको पालना भएको देखिएन ।

९ तलवि प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र बागमती प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ को उपदफा ५ अनुसार प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।

पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षा स्वास्थ्य तर्फ विभिन्न जना कर्मचारीको रु. २ करोड ८५ लाख ९९ हजार र पालिकातर्फ ६५ जना कर्मचारीको रु. ४ करोड ८० लाख ४३ हजार समेत रु. ७ करोड ६६ लाख ४२ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१० संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा वि. सं. २०७५ मा कर्मचारी समायोजन भएपछि प्रमुख प्रशासकीय अधिकृत सहित कार्यालय तर्फ ३२ जना र वडा कार्यालय ९ वटा तर्फ १८ जना समेत ५० जनाको दरबन्दी स्वीकृत रहेको छ । बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ५(१) मा स्थानीय तहले सङ्गठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्न सक्ने व्यवस्था छ । सङ्गठन संरचना तथा व्यवस्थापन सर्वेक्षणबाट पद सिर्जना गर्दा खर्च व्यहोर्ने स्रोत खुलाउनु पर्ने र दफा ७ अनुसार पद सिर्जना भएको एक महिनाभित्र पद दर्ता गराउनुपर्ने तथा पद दर्ता भएको जानकारी प्राप्त भए पश्चात मात्र पदपूर्ति गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८१ असारमा सम्पन्न आठौं नगर सभाबाट २६० जनाको संगठन संरचना र दरबन्दी संख्या पारित भएको छ । उक्त स्वीकृत दरवन्दि मध्ये स्थायी तर्फ ११४ जना र सेवा करार तर्फ १४६ जना रहेकोमा हाल २२५ जना कार्यरत रही ३५ जनाको पद रिक्त रहेको देखिन्छ । पालिकाले सङ्गठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्दा प्रदेश कानुन अनुसार खर्च व्यहोर्ने स्रोत नखुलाएको र पद दर्ता भएको जानकारी वेगर पदपूर्ति गरेकोले प्रदेश कानुनको पालना हुनु पर्दछ ।

११ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले अनुदान तथा औषधि उपचार कार्यविधि, २०७९ तर्जुमा गरेको छ । उक्त कार्यविधि अनुसार नगर प्रमुखले एकपटकमा एक व्यक्तिलाई अधिकतम रु. २० हजार सम्म र कार्यपालिका बैठकले अधिकतम रु. ५० हजारसम्म औषधि उपचार गर्न आर्थिक सहायता प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष रु. ५ लाख बजेट व्यवस्था भएकोमा २ जनालाई विपन्न नागरिक औषधि उपचार सहायता प्रदान गरी रु. १ लाख २० हजार आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१२ मध्यपुर महोत्सव

पालिकाले मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्रका कला, संस्कृति, सम्पदा र पेशाको प्रभावकारी प्रवर्द्धन मार्फत आर्थिक समृद्धि एवम् पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यले मिति २०८१ पुष १२ देखि १४ गते सम्म तिनदिने मध्यपुर महोत्सव २०८१ संचालन गर्न रु. २ करोड ३ लाख बजेट विनियोजन गरेकोमा रु. १ करोड ४३ लाख ३८ हजार खर्च लेखेको छ । साथै नगरपालिका र वडा कार्यालयहरुले यस वर्ष संस्कृति भाषा साहित्य जात्रा चाड पर्व संचालन गर्न रु. १ करोड १४ लाख बजेट विनियोजन गरेकोमा विभिन्न संस्थाहरुले सो अनुसार कार्यक्रम गरे वापत रु. १ करोड ९ लाख अनुदान प्रदान गरेको समेत रु. २ करोड ५२ लाख ३८ हजार रुपैयाँ वित्तीय समानीकरण अनुदानबाट खर्च लेखेको देखिन्छ । पालिकाले उक्त कार्यक्रममा भएको खर्च र उपलव्धिको विश्लेषण गरी यस्तो वितरणमुखी खर्चमा नियन्त्रण हुनु पर्दछ ।

१३ सहकारी संस्था नियमन तथा अनुगमन

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२८ वटा सहकारी संस्था रहेकामा यस वर्ष १५ वटा सहकारी संस्थाको अनुगमन गरेकोमा अनुगमनबाट देखिएका व्यहोराको पालिकाले कार्यान्वयन गर्नु पर्दछ । । सहकारी संस्था सम्वन्धि विवरण देहाय अनुसार रहेको छ ।

क्रस	विवरण	संख्या
१	सहकारी सूचीकरण	१२८
२	COPOMIS दर्ता	११७
३	सहकारी संस्थाको व्यवसाय करमा आबद्द	१०९
४	सहकारी संस्थाको व्यवसाय कर नविकरण	२६
५	सहकारी संस्थाको बहाल कर	
६	सहकारी संस्थाको साधारण सभा प्रतिवेदन	७८
७	सहकारी स्स्थाको आव२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन	७८
८	सहकारी संस्था खारेजी	०
९	सहकारी अनुगमन	१५

१४ **कानुन निर्माण तथा कार्यान्वियन स्थिति**

कानुन र सञ्चालन स्थिति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५५ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ५४ कार्यविधि, नियमावली, निर्देशिका, मापदण्ड लगायत ७० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै नगरपालिकाले ७० वटा कानुनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी ६६ वटा उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको छ । नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन गरेको देखिएन ।

१५ **न्यायिक समितिको कार्य सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष. फर्छौट हुन बाँकी ३ यस वर्ष ६६ उजुरी परेकोमा ४६ फर्स्यौट भएको २३ वटा फछ्र्यौट हुन नसकेको पालिकाले दिएको विवरणमा उल्लेख छ।सबै मुद्दाको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र लिखित रुपमा फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१६ **परामर्शमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यबस्था रहेको छ। पालिकामा प्रविधिकको संख्या वडामा ९ जना नक्सा शाखामा ४ जना योजना शाखामा ५ जना वातावरण तथा सरसफाई शाखामा १ जना राजस्व शाखामा १ जना स्थानीय पूर्वाधार शाखामा १ जना र शहरी विकास शाखामा १ जना गरी जम्मा प्राविधिकको संख्या २२ जना रहेको देखियो। पालिकाले यो वर्ष २ जना परामर्शदाता पालिकाको खरिद सम्वन्धी काम गर्न र जग्गा एकिकरण आयोजना कार्यको लागि काम गर्न नियुक्ति गरी यस वर्ष रु. १७,२७,२९९।०० खर्च गरेको छ। पालिकाले जनशक्तिको उचित व्यवस्थापन गरी यस्ता कार्य आफ्नै जनशक्तिवाट गराई खर्च न्यूनीकरण गर्नुपर्ने देखिन्छ।

१७ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष १०कार्यमा रु ४८ लाख ८ हजार र यो वर्ष ३ कार्यमा रु.३७ लाख ४५ हजार खर्च गरेको छ। यसरी विस्तृत परियोजना सर्भेक्षण गर्दा सो को आवश्यकता, खरिदमा

मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता अध्ययन प्रतिवेदन प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर आवश्यक्ता अनुरुप भए नभएको जाँच नगरी प्रतिवेदन स्वीकार गर्दा आयोजना संचालन गर्ने क्रममा समस्या पर्न गएको देखिन्छ। पालिकाले यस्तो अवस्थामा सुधार ल्याउन एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ। पालिकाले यस वर्ष निम्न अनुसारको विस्तृत परियोजना सर्भेक्षण गरेको जनाएकोमा कार्यान्वयन गर्न सुरु गरेको देखिन्छ। (रु हजारमा)

क्र.सं.	कार्य विवरण	परामर्शदाताको नाम	स्विकृत लागत अनुमान	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
१	Consulting Service of Preparation of Detailed Project Report(DPR) for Layeku Building at Madhyapur Thimi Municipality-7, Nagadesh	Rich Architectures Company Pvt.Ltd., Patandhoka, Lalitpur	१४६१.७६	१३७६	११०२७१.१७
२	नगरपालिका प्रशासकीय भवन	ए.डी.ए कन्सल्टेन्सी	१८९८३.८५	१८९८.६५	
	Procurement of Consulting Service for Design, Drafting and Cost Estimation of Children Park at Ward-4 Kaiku Taa	D. Finder Architects Pvt.Ltd,Bhaktapur	४९२९	४७०.६४	१८९७९.९३

१८ **सुचना प्रविधि प्रणाली**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन निर्देशिका), २०७१ को दफा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धि कागजातहरु तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सुचना प्रविधि विभागमा पठाउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष डिजिटल कृषि प्रोफाईल तथा मोवाईल एप प्रणाली तयार गर्ने कार्यक्रमवाट प्रगति प्रतिवेदन प्रणाली तयार गर्न लागत अनुमान रु. ४९८,३३०।०० रहेकोमा वेभ प्लस आईटी सोलुसन प्रालिसंग रु. ४८५,०००।०० मा संझौता गरी कामगराई भुक्तानी गरेको देखियो। तर उक्त सुचना प्रविधि प्रणालीको मानकीकरण नगरेको तथा हाल सम्म संचालन गरेको देखिएन। उक्त प्रणाली प्रमाणीकरण गरी संचालनमा ल्याउनु पर्दछ।

प्रमाण पेश नगरेको	४,८५,०००

१९ **कर समायोजन**

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १८ मा कर विजक सम्वन्धी व्यवस्था गरेको छ । नगदेश लयाकु दरवारको वृस्तित परियोजना सर्भेक्षण कार्यको लागि रिच आर्किटेक्चर कम्पनी प्रालि (३०४७४१५५७) संग संझौता गरी परियोजना सर्भेक्षण कार्य गराई रु.१३,७६,०००।०० भुक्तानी गरेकोमा कर विजक संलग्न राखेको देखिएन । तसर्थ भुक्तानी रु.१२,१८,०००।०० र मुल्य अभिवृद्धि कर रकम रु.१५८,३४०।०० को मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।

प्रमाण पेश नगरेको	१,५८,३४०

२० **कण्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २

प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष पूँजीगत परामर्श तथा अनुसन्धान रु ३५ लाख २७ हजार सूचना प्रकाशन रु २० लाख ३२ हजार विविध खर्च रु १ लाख ११ हजार ठेक्का मुल्यांकन वैठक भत्तामा रु २ लाख ६२ हजार योजनामा रु १ लाख ४९ हजार र कार्यालय संचालनमा रु ६८ हजार गरी जम्मा रु ६१ लाख ४८ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन। पालिकाले जुन योजनाकोलागि व्यवस्था गरेको कन्टिन्जेन्सी सोहि योजनाको कार्यमा मात्र अभिलेख राखि नियमावली वमोजिमका क्रियाकलापमा मात्र खर्च गर्नुपर्दछ।

२१ **उपभोक्ता समिति मार्फत संचालित योजनाको कार्यान्वयन स्थिति**

२१.१ सार्वजनिक खरिद नियमावली ९७ (१०) उपभोक्ता समिति मार्फत काम गराउने सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले उपभोक्ता समिति मार्फत गराएका काम मध्ये नमुना छनौटका आधारमा निम्न अनुसारका निर्माण कार्यको उपभोक्ता समितिसंग संझौता गरेकोमा संझौता वमोजिमको काम सम्पन्न गरेको देखिएन। उक्त पालिकाले तोकिएको काम पूरा नगरेको, काम गर्ने समय आभाव, विभिन्न किसिमका विवाद लगायतका कारणले उक्त निर्माण कार्य सम्पन हुन नसकेको जनाई भेरिएस गरेको देखियो। पालिकाले कानुन वमोजिम संझौता अनुरुपको निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ।

मिति	भौ. नं.	विवरण	संझौता रकम	वास्तविक काम	भुक्तानी	कैफियत
२०८२।३।२५	१०४१	विष्णुवीर सिद्धकाली सम्पदामार्ग निउस	७४४६२३४	२०४४१७५		काम सम्पन्न गर्न नसकेको कारण
२०८२।३।२५	१०३३	एस ओ एस वालग्राम अगाडि पार्क निर्माण	१९९९२७८	१३३५६२१	१२९६३७४	समय अभाव भएर
२०८२।३।२५	९७३	महादेव मन्दिर परिषर सत्तल निर्माण उस	४९९६२०९	३४२५१३०	३३२५३००	काम पुरा नभएकोले भेरीएसन
२०८२।३।२४	९६७	भीमसेन मन्दीर ढुंगेधारा तथा पाटी पुन निर्माण उस	३३००४९३	२०४७८८२	१७६९०००	काम पुरा नभएकोले भेरीएसन
२०८२।३।२४	९५२	वोडे मावि स्कुल पुर्वाधार कार्य उस	६२४५७४७	५०६४८६५	३९०७१००	काम पुरा नभएकोले भेरीएसन
२०८२।३।२४	९४९	निलवाराही क्षेत्र व्यवस्थापन उस	६१८८००१	५३८१७५९	४१४९९००	
२०८२।३।२४	९५०	वन देवी दक्षिणपट्टी शौन्दर्यकरण	२१४८२०७	१४३२३०५	१०९८९३०	
२०८२।३।२४	९४०	सिद्धकाली जेष्ठ नागरिक भवन निर्माण	७४४५५३६	६५९६३३६	५९७९४००	
२०८२।३।२४	९१५	नाट्यश्वरी कृयापुत्री भवन निउस	६१८७२६६	४८६५४१२	३७५१३००	काठ लगाउने नलगाउने सम्वन्धमा विवादका कारण
२०८२।३।२४	९१३	न्हुछेन्हयोहने सिचुटोल वाटो स्तरोन्नती	४९६३४३०	२५१६९९८	१९४०३००	विवाद सुरु भई निर्माण कार्य पुरा नभएको
२०८२।३।२३	८८४	सिद्धकाली परीषर उस	५८५९७१८	३१०६७४७	२३९५४००	विवाद सुरु भई निर्माण कार्य पुरा नभएको
२०८२।३।२३	८८६	दिव्यश्वरी मन्दिर परिसर	७४३५९४९	६३२६२९३	४८७८४००	
2082/3/23	८६९	ईन्द्रायानी खेल मैदान सिमाङ्कन	३७२८१३०	१३७३५५४	१०६३१००	
2082/3/20	८११	सिद्धकाली मन्दिर अगाडी पाटी ढुंगेधारा निर्माण उस	२९४६६५६	११९६७५५	९५०२२४	जग्गा विवादका कारण काम नभएको

2082/3/20	८०६	महालक्ष्मी मन्दिर अगाडिको सत्तल निर्माण	६७९६०४७.५४	५६०९७६१.४९	५६०९७००	
2082/3/18	७७५	मरु त्वा :हाथा ख्वा धो फल्चा निर्माण उपभोक्ता समिति	९६९६९९	८१२१६४.७२	८११२००	
2082/3/17	७६१	महालक्ष्मी मन्दिर पाटी निर्माण उपभोक्ता समिति	४८५४१६४.१२	४३७५१९०.२६	४३७५१००	

२१.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१क) मा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनुपर्ने कुरा उल्लेख गरेको छ। पालिकाले परम्परागत तथा पुरातात्विक कार्य भनी जनसहभागिता अंश समावेश नगरी कार्य गराएको देखियो। पालिकाले निम्न अनुसारको काममा जनसहभागिता अंश समावेश नगरी निर्माण कार्य गराएको खरिद कानुन अनुरुप देखिँदैन। कानुनको पालना गरी खरिद कार्य गर्नुपर्ने देखिन्छ।केही उदाहरण

मिति	भौ. नं.	विवरण	संझौता रकम	वास्तविक काम	भुक्तानी
०३/२५/२०८२	१०६०	सिवा गणेश मन्दिर पुन निर्माण उ.स.	३८८३३९९.९१	३३७७५४०.७३	३३७७५४०.७३
०३/२४/२०८२	९११	स्वागा पुखु पुन निर्माण उ.स.	२०१८४४५.२	१९६४२६१.६४	१९१७२२५
०३/२२/२०८२	८२९	दिगु वहा निर्माण उपभोक्ता समिति	४८५३२७५.५८	४६२५३१६.९२	४६२५३००
०३/२०/२०८२	८०६	महालक्ष्मी मन्दिर अगाडिको सत्तल निर्माण	६७९६०४७.५४	५६०९७६१.४९	५६०९७००
०३/१८/२०८२	७७५	मरु त्वा :हाथा ख्वा धो फल्चा निर्माण उपभोक्ता समिति	९६९६९९	८१२१६४.७२	८११२००
०३/१७/२०८२	७६१	महालक्ष्मी मन्दिर पाटी निर्माण उपभोक्ता समिति	४८५४१६४.१२	४३७५१९०.२६	४३७५१००
०३/१७/२०८२	७५९	रामेश्वर मन्दिर निर्माण उपभोक्ता समिति	२८९७४६४.४५	२७०६२१०.०७	२७०६२००
०३/१०/२०८२	७०३	तुलननी पाटी पुननिर्माण उपभोक्ता समिति	३२५५५३६.४७	२९४२१८५	२९४२१००

२१.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति बाट काम गराउने कार्यविधि उल्लेख छ। जसमा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेकोमा यो पालिकाले सरकारी संरचना साथै सेवालिने सेवाग्राही सोही स्थानका मात्र नभएर देश भरका मानिसले सेवा लिन सक्ने अन्य निकायको निम्न अनुसारको संरचना निर्माण गर्दा उपभोक्ता समिति मार्फत कार्य गराएको नियमसंम्मत देखिएन।

मिति	भौ. नं.	विवरण	संझौता रकम	वास्तविक काम	भुक्तानी
०३/२५/२०८२	९८९	प्रहरी कार्यालय म.थि.न.पा. वडा नं २ (पालिकाले सामुदायिक भवनमा प्रहरी राखेको जनाएको)	२४८५६७०	२२७५०८७	१७५३८००
०३/०२/२०८२	६७१	नेपाल कोरिया मैत्री नगरपालिका (ने.को.मै.न.पा .)अस्पतालमा रंगरोगन कार्य उ.स	२६०९७५२	२३८५११४	१९१५०००
१०/२८/२०८१	१९४	ने.को.न,पा. अस्पताल बैंक मिटिंग हल निर्माण उ.स.	६९६०९४७	५७४४६०८	४६३१५८६
		जम्मा			८३००३८६

अनियमित भएको	६५,४६,५८६

२१.४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ। तर यस पालिकाले गरेको निम्नअनुसारको कामको विस्तृत परियोजना सर्भेक्षणमा उल्लेख भए अनुसार १ करोड भन्दा वढी लागत अनुमान भएका निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो। मस्यौदा लेखापरीक्षण प्रतिवेदन उपर छलफलका क्रममा दरवार तथा संग्राहालय निर्माण कार्य निर्माण व्यवसायीवाट गराउँदा उक्त संरचनाको मौलिकता तथा ऐतिहासिक मुल्य हराउन सक्ने हुदा उपभोक्ता समितिवाट गराउनु परेको जनाएको छ। यद्यपी १ करोड भन्दा वढी रकमको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छैन। पालिकाले सीमा भन्दा वढि रकमको लागत अनुमान भएको पार्क समेत उपभोक्ता समिति मार्फत गराएको नियमसंम्मत देखिएन।

मिति	भौ. नं.	विवरण	विस्तृत परियोजना सर्भेक्षण अनुसारको लगत	संझौता रकम	वास्तविक काम	भुक्तानी
०३/२३/२०८२	६९७	शंखधर पार्क निर्माण गुरु योजना	२५९७७१३८	८०५५५१२.५८	७३३९३८१	६०१०५७२
०३/२५/२०८२	१००८	नगदेश लायकु दरवार	११०२७११७९	६९९७४१६	६३००२७१	६०६०१८८
१२/३/२०८२	४२	बसिपखु संग्रहालय मध्यपुर थिमी नगरपालिका ६	३६४६१३५०	८५३०२५०	८१५२७९४	६२९१६००
					जम्मा	१८३६२३६०

अनियमित भएको	६०,१०,५७२

२२ आन्तरिक आय तर्फ

२२.१ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	लक्ष्य रू	असुली रू	असुली प्रतिशत
सम्पति कर	५,५०,००,०००	५,५९,१२,२४९.२०	१००.६५
भूमिकर/ मालपोत कर	१५,००,०००	१३,२०,१७७.२१	८८
बहाल कर	१०,५०,००,०००	१०,६५,७८,२६०.२५	१००.६४
बहाल बिटैरी कर	३०,०००	०	०
सवारी साधन कर (साना सवारी)	१०,०००	०	०
अन्य मनोरन्जन कर	१०,०००	०	०
अन्य निकायबाट प्राप्त लाभांश	२,०००	०	०
अन्य कर	१०,००,०००	०	०
सरकारी सम्पतिको बहालबाट प्राप्त आय	२,५०,०००	०	०
अन्य बिक्रीबाट प्राप्त रकम	१,५०,०००	७५,२२५	५०.१५
अन्य सेवाशुल्क तथा बिक्री	१,१०,००,०००	१,००,६१,५१४.६७	९१.४६
न्यायिक दस्तुर	१०,०००	०	०
शिक्षा क्षेत्रको आम्दानी	१०,०००	१९,०००	१९०
परीक्षा शुल्क	१०,०००	६,६००	६६
अन्य प्रशासनिक सेवा शुल्क	१०,०००	२६७२९०८।३१	२६७२९
पार्किङ शुल्क	१०,०००	०	०
नक्सा पास दस्तुर	१०,७०,००,०००	३,०६,९०,२०३.०१	२८.६८
सिफारिस दस्तुर	२,००,००,०००	६५.९६,४२४.०२	३२.९८
व्यक्तिगत घटना दर्ता दस्तुर	३,५०,०००	३,५४,२००	१०१.२

नाता प्रमाणित दस्तुर	७,००,०००	६,९८,८३५	९९.८३
अन्य दस्तुर	४४,००,०००	४६,५२,७३७.१५	१०५.७४
व्यवसाय रजिष्ट्रशन दस्तुर	७०,००,०००	४८,२५,०००	६८.९२
रेडियो एफएम संचालन दस्तुर	५,०००	०	०
अन्य क्षेत्रको आय	१,०००	०	०
प्रशासनिक दण्ड जरिवाना र जफत	१,९२,५०,०००	७०,६९,६००	३६.७२
धरौटी सदर स्याहा	१,००,०००	०	०
बिमा दावी प्राप्ति	९९८	०	०
अन्य राजस्व	१,०००	६४,१०८.४८	
व्यवसाय कर	३,००,००,०००	३,०७,८३,८६०.१०	१०२.६१
बेरुजु	२५,००,०००	१६,१५०	६४.४
जम्मा	३६,५३,०८,०००	२६१४९७०५२।४८	**७१.५८**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२२.२ **विगत ३ वर्षको आन्तरिक आयको लक्ष्य तथा असुली स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउन पाउने स्पष्ट कानुनी व्यवस्था छ। सोही बमोजिमको आय अनुमान र असुलीको पछिल्लो अवस्था निम्नानुसार रहेको छ:

आ.व.	आय अनुमान रू	संकलित रू	प्रतिशत
२०७९/८०	३३,०५,६५,०००	२३,५९,१४,१७९.२४	७१.३७
२०८०/८१	३४,२०,०१,०००	२८,८४,८१,९५५.६९	८४.३५
२०८१/८२	३६,५३,०८,०००	२६१४९७०५२।४८	७१.५८

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७९/८० मा रु. ३३,०५,६५,००० आय अनुमान गरिएकोमा रु. २३,५९,१४,१७९.२४ अर्थात् ७१.३७ प्रतिशत संकलन भएको छ। त्यसैगरी आ.व. २०८०/८१ मा रु. ३४,२०,०१,००० आय अनुमान गरिएकोमा रु. २८,८४,८१,९५५.६९ अर्थात् ८४.३५ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८१/८२ मा रु. ३६,५३,०८,००० आय अनुमान गरिएकोमा रु. २५,८८,२६,११४.०९ (७०.८५ प्रतिशत) आय प्राप्त भएको छ।

२२.३

आन्तरिक आय- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ:

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१९२१६६०७	२६१४९७०५२।४८	८१.९१

माथिको विवरणअनुसार स्थानीय तहमा प्राप्त हुने केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८१.९१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आय वृद्धितर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२२.४

आय अनुमान- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क र दस्तुरबापत अनुमानित रु. ३६,५३,०८,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु. २६,१४,९७,०५२.४८ अर्थात् अनुमानभन्दा २९.१५ प्रतिशत कम आय प्राप्त भएको छ। अतः आम्दानीका अन्य स्रोतहरूको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाउँदै आयआर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ।

२२.५

उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था

पालिकामा रहेका जेट मेसिन, रोलर, हिटिङ मेसिन र जम्पर मेसिन लगायतका उपकरणहरूको परिचालनबाट प्राप्त आम्दानी र भएको खर्चको विवरण निम्नानुसार रहेको छ

सि.नं.	सामानको विवरण	खर्च रु.				जम्मा आम्दानी रु.
		इन्धन लिटर	चालक/हेल्परको तलब भत्ता	मर्मत खर्च	जम्मा खर्च	
१	जेट मेसिन	१८६०	४८६४६४		४८६४६४	२,०७,०००
२	रोलर	३५०	चालक एउटै रहेको	२२४३७८।३५	२२४३७८।३५	४३,२५०
३	हिटिङ मेसिन					१,०००
४	जम्पर मेसिन					१,०००
जम्मा		२२१०		२२४३७८।३५	७१०८४२।३५	२५२२५०।

उल्लिखित उपकरणहरूको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्षभरि जम्मा रु. २,५२,२५०। आम्दानी भएको देखिन्छ भने रु. ७,१०,८४२.३५ खर्च भएको देखिन्छ। यसरी कुल आम्दानीको तुलनामा खर्चको अवस्था हेर्दा आम्दानी केवल ३५ प्रतिशत मात्र रहेको छ।जेट मेसिन र एक्साभेटर लगायतका उपकरणहरूमा आम्दानीको तुलनामा खर्च अत्यधिक देखिएको छ। उपकरणको चालक, इन्धन र मर्मतमा ठूलो रकम खर्च भइरहँदा ती उपकरणको उपयोगिता, परिचालन लगसिट, लगानी र आयको विश्लेषण गर्दा सार्वजनिक हितमा सन्तोषजनक परिचालन भएको देखिएन। अतः खर्चको तुलनामा आय वृद्धि हुने गरी व्यवस्थित रूपमा उपकरणहरूको परिचालन हुनु आवश्यक देखिन्छ।

२२.६ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ९ वडाहरूमध्ये नमुना छनोट गरी देहायका वडाहरूको राजस्व असुली परीक्षण गर्दा रु. २७,१७,५८,५८४.०९ असुली भएकोमा सोही रकम बराबर नै दाखिला भएको पाइयो।

२२.७ **आम्दानी लेखा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,५००,४१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२२.८

सवारी कर -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्रभित्रका सवारीको तोकिएबमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा भित्रिने सबै प्रकारका सवारी साधनबाट तोकिएबमोजिमको सवारी कर उठाउन सक्ने उल्लेख छ। सम्बन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारी साधनको अभिलेख राखी कर असुलीलाई प्रभावी बनाउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक देखिन्छ।

२२.९

विज्ञापन कर-नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ ले विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकेको छ। सोही बमोजिम बागमती प्रदेश आर्थिक ऐन, २०८१ को दफा ६ मा विज्ञापन कर लगाउने र उठाउने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ।पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ बोर्ड, ब्यानर तथा माइकिङमार्फत गरिने विज्ञापनमा मात्र कर लगाउने व्याख्या गरिएको भए तापनि यस वर्ष रु. ७७,२२,५६१।९१ कर असुल भएको छ। यद्यपि, पालिकाले विद्युतीय सञ्जाल (डिजिटल प्लेटफर्म) मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकेको देखिँदैन। अतः विद्युतीय प्लेटफर्ममार्फत गरिने विज्ञापनहरूलाई समेत आर्थिक ऐनमा समेट्दै उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्ने देखिन्छ।

२२.१०

प्रदेश कानूनको कार्यान्वयन- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानुनबमोजिम अनुसूची-३ मा उल्लिखित कर तथा गैर-कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै, ऐनको अनुसूची-३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि सङ्कलन गर्दा प्रदेशले तोकेको दरमा समेत सङ्कलन गर्नुपर्ने व्यवस्था छ। पालिकाहरूले उक्त कराधिकारलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याई राजस्व सङ्कलन गर्न सकेको देखिँदैन। अतः कमसेकम प्रदेशले तोकेको दरसम्म असुल गर्ने राजस्व सङ्कलन नीति कार्यान्वयनमा ल्याई स्थानीय कराधिकारलाई फराकिलो बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२२.११

मनोरञ्जन कर -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, सङ्गीत, थिएटर, मनोरञ्जन प्रदर्शन स्थल र ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१/८२ मा यस पालिकाले रु. ५०,३९,३८३।— कर सङ्कलन गरेको पाइएन । अतः पालिका क्षेत्रभित्र उठ्नुपर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

२२.१२

व्यवसाय कर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले

व्यवसाय दर्ता तथा नवीकरण शुल्कबापत रु. ३,०७,८३,८६०।— कर सङ्कलन गरेको भए तापनि पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन। यसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था देखिँदैन। तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

२३ **सम्पत्ति कर बक्यौता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने उल्लेख छ । साथै, नगरपालिकाको आर्थिक ऐन, २०८० मा समेत सम्पत्ति कर यकिन गरी असुल गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरणअनुसार २,८१७ करदाताहरूबाट एकीकृत सम्पत्ति करबापत रू. ६,९०,६५,७५८।८१ असुल हुन बाँकी देखिन्छ । पालिकाले अन्य करदाताहरूको समेत पहिचान गरी बाँकी रहेको सम्पत्ति कर असुल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२४ **प्रमाण** (२९९६-2082-03-05):

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१३६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२५ **जनक सिद्धकाली सेकेन्डरी स्कुल भवन निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था नभई खरिद प्रकृया अगाडी बढाउन नहुने सम्वन्धी व्यवस्था गरेको छ। जनक सिद्धकाली सेकेन्डरी स्कुल भवन निर्माण कार्यको लागत अनुमान रु. ८,६६,७०,८४२।२२ रहेकोमा आर वी कन्ट्रक्सन प्रालिसँग रु. ५,२७,७८,४३७।९२ मिति २०८१।२।१ मा निर्माण कार्य २०८३।१।३१ सम्मा सम्पन्न गर्ने गरी संझौता भएको छ।तर निर्माण व्यवसायीले मिति मंसिर २ मा जग खन्ने क्रममा स्थानीयले अवरोध गरेको पत्र मार्फत जानकारी गराएको देखिन्छ। उक्त निर्माण कार्य सुचारु गरेको देखिएन। पालिकाले उक्त निर्माण व्यवसायीलाई रु १ करोड पेश्की दिएकोमा पेश्की जमानतको म्याद २०२५ डिसेम्वर २६ मा सकिएकोले पेश्की जोखिममा परेको छ। पालिकाले पेश्कीको म्याद थप गराउने तथा विवाद समाधान गरी निर्माण कार्य सुचारु गराउनु पर्ने देखिन्छ।

२६ **निर्माण स्थलको व्यवस्था**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था नभई खरिद प्रकृया अगाडी बढाउन नहुने सम्वन्धी व्यवस्था गरेको छ।वडा नं ६ र ९को सिमानामा नगरपालिका चोक देखि हडोल सडक स्तरोन्नती कार्यको लागत अनुमान रु. १,९६,६४,०९३।१८ रहेकोमा वोलपत्रको माद्यमवाट निर्माण व्यवसायी प्रस्थान कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालिसंग रु. १,१२,३६,२४५।५७ मिति २०८१।१२।२९ मा २०८२।३।२० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी संझौता गरेकोमा उक्त अवधिमा प्रथम रनिङ विल रु. १६,३२,२९१।९९ को मात्र निर्माण कार्य गरेकोमा निर्माण व्यवसायीले वैशाख २३ मा टहरा हटाई साईट उपलव्ध पत्र लेखेको छ।सोही अनुसार पालिकाले टहरा हटाउन जेठ २ को पत्र मार्फत पत्रचार गरेको देखिन्छ। उक्त निर्माण कार्यको काम सम्पन्न हुन नसकेको फाल्गुन मसान्त सम्म म्याद थप गरेको देखियो। कार्यालयले निर्माण स्थलको व्यवस्था नगरी खरिद प्रकृया अगाडि वढाउँदा निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन। पालिकाले ठेक्का प्रकृया अगाडि बढाउँदा निर्माण स्थलको व्यवस्था गरेर मात्र वोलपत्र प्रकृया अगाडी वढाउनुपर्ने देखिन्छ ।

२७ **कार्य सम्पन्न**

लोकन्थली भित्री सडकमा ढलान तथा व्लक छाप्ने कार्य सडक वोर्ड ठेक्का नं २१-२०८०।८१ को लागत अनुमान रु. ५२,३९,८६१।७६ भएकोमा ओम लक्ष्मी मल्टिप्रपोज कम्पनी प्रालिसंग २०८१ असार ५ रु. ४१,८४,४०४।९२ मा २०८१ पुस २९ सम्ममा काम सम्पन्न गर्ने गरी संझौता गरेको छ। उक्त अवधिमा काम गर्ने स्थान यकिन नभएको कारण काम हुन नसक्दा म्याद थप समेत गर्नु पर्दा २०८२।३।३० सम्म म्याद थप गरी रु. ३५,१२,०३५।११ अर्थात ८५.३६ प्रतिशत काम सम्पन्न गरे पश्चात निर्माण कार्य स्वीकार गरेको देखिन्छ। पालिकाले काम गर्नुपर्ने स्थान निर्धारण नगरी वोलपत्र प्रकृया अगाडी वढाउँदा समयमा काम सम्पन्न नहुने अवस्था देखिन्छ।काम गर्ने स्थान निर्धारण गरेर मात्र वोलपत्र प्रकृया अगाडी वढाउनुपर्ने देखिन्छ।

२८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ। कार्यालयले आर्थिक वर्षको शुरुवातमै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष निम्नअनुसारको सोझै खरिद गरेको देखियो। ऐनले तोकेको विधि प्रक्रिया पुर्याएर खरिद कार्य मितव्ययी एवं अधिकतम प्रतिस्पर्धात्मक विधिवाट सम्पादन गर्नुपर्दछ ।

मिति	भौचर	विवरण	निर्माण व्यवसायी।आपुर्तिकर्ता	रकम
२०८२।३।२५	१०५०	सडक तथा पुर्वाधार मर्मत वडा नं १ र ४ मा ह्युमपमईप राख्ने	भैरवनाथ कन्ट्रक्सन	८२६९४०
२०८२।३।२५	१०२६	भुँई चम्पा देवी टोल सुधार दक्षिण तर्फ उकालो सुधार	जमुना एण्ड श्रीषा कन्ट्रक्सन	७१०१७६
२०८२।३।२५	९९८	वडा नं ६ र ९ सिमानामा नगरपालिका चोक देखिहडोल सडक स्तरोन्नति	प्रिस्किला कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	५२४४०३
२०८२।३।२४	९६५	वडा नं ३ मा सार्वजनिक निर्माण	शुक्र कन्ट्रक्सन	७६८८०५
२०८२।३।१५	७४७	कुशल भैरव मन्दिर परिसर निर्माण	सनि एण्ड शुलभ निर्माण सेवा	७४४४५२
२०८२।३।१०	६९९	नगरपालिका भवन रंग रोकन	नेपा कन्ट्रक्सन	५८३०४४
२०८२।२।१	५१२	सडक वत्ती तथा सीसी क्यामेरा जडान कार्य	कोहिन ईन्टरप्राईजेज प्रालि	४९४९२०
२०८२।१।२१	४७९	सडक वत्ती वडा नं ३	इन्सारी इन्टरप्राईजेज	८८९८३७
२०८२।१।१४	४६७	सडक वत्ती व्यवस्थापन वडा नं ५	एस एल ट्रेड लिंक	१४८१९३
२०८१।१२। २७	३९८	सिद्धिकाली सडक लोकन्थली सिन्टिटार	आयुना कन्ट्रकूसन	९२७७३०
२०८१।१२। २१	३८९	पुरानोवाटो भट्टराई टोल चोक तथा पमाहिती सडकमा ढल तथा सडक मर्मत	वुवासे निर्माण सेवा प्रालि	९६२२००
२०८१।१२।५	३१६	वडा नं ४,५ र 6 को भित्री मोठ मन्दीर रंग रोकन कार्य	श्रृजना एण्ड रिजिना निर्माण सेवा	९४८०००
२०८१।११। १५	२६२	वोडे वस्तीमा ढुंगा वाटो मर्मत कार्य	एन्जल कन्ट्रक्सन एण्ड कम्पनी प्रालि	६७३८००
२०८१।११। ११	२४३	कुशल भैरव मार्गवाट हरियाली मार्ग जानेवाटो	दधिकोट निर्माण सेवा	८३६५००
२०८१।११।६	२२९	भट्टराई टोल सडक मर्मत	सजिलो ट्रेड एण्ड इन्फ्रास्टक्चर प्रालि	९५१७००
२०८१।९।११	११३	सडक पेटी सुधार रोड मार्किङ गर्ने काम	एस टि एस कन्ट्रक्सन	९३४८४६
			जम्मा	११९२५५४६

२९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष विभिन्न पुँजीगत शिर्षकबाट रु.६१ करोड ९० लाख ५६ हजार खर्च गरेकोमा रु. १४ करोड ९३ लाख ७७ हजार अर्थात् २४.१३ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु. २ करोड ८ लाख ६७ हजार, र उपभोक्ता समितिबाट रु. ४४ करोड ८८ लाख ११ हजार को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३० **कार्य स्वीकार**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा संझौता कार्यान्वयन सम्वन्धी व्यवस्था गरेको छ। ठेक्का नं ६-२०७८।७९ को वडा कार्यालय लोकन्थलीको पुर्वपट्टिको सडक स्तरोन्नति कार्यको लागत अनुमान रु. १,०४,५७,०६१।६१ रहेकोमा विष्णु एण्ड कृष्ण कन्ट्रक्सन प्रालिसंग २०७९ जेठ ३० मा रु. ६९,५८,९९४।०९ पुस ३० सम्मा काम सम्पन्न गर्ने गरी संझौता गरेको देखिन्छ। निर्माण व्यवसायीले समयमा काम सुरु नगरेको कारण सोधिएको र उपस्थित गराईएको तथा पेश्की जमानत जफत गरेको देखिन्छ। साथै उक्त कामको म्याद मिति २०८१ फाल्गुन १८ सम्म थप गरेकोमा रु. ५१,७१,४९३।५५ अर्थात ७८.४२ प्रतिशत मात्र काम सम्पन्न

गरेको देखिएकोमा ९० प्रतिशत प्रगति नभएको अवस्थामा कार्य स्वीकार गरेको उचित देखिएन। पालिकाले निर्माण व्यवसायीले तोकिएको शर्तको पालना नगरेको अवस्थामा कानुन वमोजिम नगरी काम सम्पन्न नहुंदै कार्य स्वीकार गरेको देखियो । कानुन वमोजिम प्रकृयावाट सम्पन्न गर्नुपर्ने देखिन्छ ।

३१ **भेरिएसन**

गङ्गाघर कृष्ण अर्पन देखि महादेवस्थान वडा नं २ सम्म सडक निर्माण कार्यको लागत अनुमान रु ३५३६६३५।१८ रहेकोमा वोलपत्रको माध्यमवाट ओम लक्ष्मी मल्टीप्रपोज कम्पनी प्रालिसंग रु २९५९२३४।९३ मा २०८१ जेठ ३० सम्ममा काम सम्पन्न गर्नेगरी २०८०।९।११ मा संझौता गरेकोमा म्याद थप गरी २०८१।९।१ मा रु २४६७१२१।१९ रकमको निर्माण कार्य सम्पन्न भएको देखिन्छ। सववेसको काम ८७.५२ घन मिटरको रु२८०० दरले रु.४४५०५६ काम गरेको देखिएन। पालिकाले सो काम नगराउनुको कारण सहित भेरिएसन आदेश स्वीकृत गरेको देखिएन। पालिकाले संझौता अनुसारको काम गराउनु पर्नेमा ८३.३७ प्रतिशत मात्र काम गराएर कार्य स्वीकार गर्नु नियमसंम्मत देखिएन। संझौता अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई कानुन वमोजिमको प्रकृया अगाडी वढाउनु पर्नेमा सो वमोजिम गरेको देखिएन। कानुनको पालना गरी खरिद व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

अनियमित भएको	४,९२,११३.७४

३२ **ठेक्का अन्त्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था सम्वन्धी व्यवस्था गरेको छ। नेकोसेरा हिमालयन निम्न माध्यमिक विद्यालय हुंदै गांखु बोडे आउने बाटो निर्माण कार्यको लागत अनुमान रु ३९११५०५०।०५ रहेकोमा आर ई सी पी एल नगदेश श्री निलवाराही जेभीसंग २०८० फाल्गुन ४ रु २८५१४२०७।१९ मा मिति २०८१ जेठ ३० मा निर्माण कार्य सम्पन्न गर्नेगरी संझौता गरेकोमा सिमाङ्कन विवादका कारण ठेक्का संचालन गर्न नसकिएको जनाई अन्त्य गरेको देखियो। ठेक्का अन्त्य गर्दा निर्माण व्यवसायीलाई क्षतिपूर्ति वापत रु २५५६४० भुक्तानी दिँद पालिकालाई बढी व्यायभार पारेको देखिन्छ।

३३ **खरिद विधि**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ अनुसार सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि छनोट गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली २०६४ को दफा ३१ अनुसार सार्वजनिक निकायले बीस लाख रुपैयँभन्दा बढी लागत अनुमानको भएको जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वाराखरिद गर्नु पर्दछ । पालिकालाई यस वर्ष पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च अन्य सूचनामा रु. १७ लाख ५० हजार, ठेक्का पट्टामा रु. १५ लाख र कार्यालय छपाईमा रु. २५ लाख समेत कूल रु. ५७ लाख ५० हजार बजेट व्यवस्था भएकोमा रु. ५७ लाख ४९ हजार खर्च भएको छ । पालिकाले उक्त खर्च सोझै विधिबाट खरिद गरी खर्च लेखेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ अनुसार पालिकाबाट आर्थिक वर्ष भरि पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनमा हुने खर्च आर्थिक वर्षको शुरु मै बोलपत्रको माध्यमबाट फर्म छनौट गरि प्रतिस्पर्धात्मक विधिबाट मितव्ययी तरिकाले खरिद गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

३४ **स्यानिटरी प्याड खरिद वितरण तथा मौज्दात**

३४.१ पालिकाले कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत छात्राहरुको लागि यस आर्थिक वर्षमा एजि हेल्थ इन्डस्ट्रिज प्रालिबाट रु. १११०११६।-मा ३७६४० थान पाकेट स्यानिटरी प्याड खरिद गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

३४.२ **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र दफा ५क. मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान स्वीकृत गर्नु पर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ बमोजिम खरिद माग प्राप्त गर्नु पर्ने र नियम ११ को आधारमा मालसामानको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले स्यानिटरी प्याड खरिदको लागि विद्यालयहरुबाट खरिदको लागि माग प्राप्त गरेको र लागत अनुमान तयार तथा स्वीकृत गरेको देखिएन । पालिकाले स्यानिटरी प्याडको माग र लागत अनुमान तयार नगरी सिलबन्दी दरभाउ माग

गरी खरिद गरेकोले उक्त खरिद कार्य नियम सम्मत देखिएन । अत: लागत अनुमान तयार तथा स्वीकृत गरेर मात्र खरीद कार्य गर्नु पर्दछ ।

३४.३ **खरिद परिमाण र स्पेसिफिकेसन:** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा (४) मा उपदफा (३) बमोजिम प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाइ अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको साइजको स्यानिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने,दफा ५ माविद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने, माग भएको संख्यालाई शिक्षा शाखाले स्थानीय तहमा भएको इमिसको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ । सो कार्यविधिको अनुसूची १ बमोजिमको स्पेसिफिकेसनमा स्यानिटरी प्याडको साइजL-240± 20mm, 60-75mm, Thickness 15±2mm हुनुपर्नेमा नगरपालिकाले निर्देशिकाले तोकेको भन्दा ठूलो साइज अर्थात् 280 mm को प्याड खरिद गरेको छ । त्यस्तै विद्यालयबाट प्राप्त ६-१२ को तथ्यांक अनुसार छात्राहरुको संख्या १९५३ जना रहेको र सोको लागि १ वर्षमा १० महिनाको लागि स्यानिटरी प्याड परिमाण ३९०६० पाकेट आवश्यक पर्ने देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले ३७६४० पाकेट खरिद गरी २८५७६ थान पाकेट वितरण गरेको देखिन्छ । नगरपालिकाले यस आर्थिक वर्ष आवश्यक पर्ने भन्दा १४२० पाकेट घटी परिमाण स्यानिटरी प्याड खरिद गरेको देखिन्छ । यसरी १४२० पाकेट घटी परिमाण खरिद हुंदा ७१ जना छात्राहरुलाई स्यानिटरी प्याड नपुग हुने देखिन्छ । नगरपालिकाले विद्यालयहरुबाट गत आर्थिक वर्षको परिमाण मध्येवाट वितरण गरी बांकी परिमाण र सो परिमाण समेतको आधारमा १० महिनाको लागि आवश्यक पर्ने परिमाणको माग संकलन गरी आवश्यक परिमाण खरिद गर्नु पर्नेमा सो बेगर खरिद गरेको देखिएकोले खरिद गरेको परिमाण पर्याप्त भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन । तसर्थ नगरपालिकाले छात्राको इमिस संख्या, विद्यालयको माग, गत वर्षको वितरण गरी बांकी मौज्दातको आधारमा र आवश्यकताको पहिचान गरी निर्देशिकाले तोकेको साइजको स्यानिटरी प्याड खरिद गरी वितरण गर्नु पर्दछ ।

३४.४ **भरपाई** : पालिका यस आ.व. मा खरिद गरेको ३७६४० पाकेट सेनिटरी प्याड मध्ये लेखापरीक्षण अवधि २०८२ माघ सम्म २८५७६ पाकेट विद्यालयहरुलाई वितरण गरी ९०६४ पाकेट बांकी रहेको देखिएकोमा सोको प्रति पाकेट रु. २९।४९ का दरले जम्मा रु. २६७,३२५।– मूल्यको उक्त परिमाण विद्यालयहरुलाई बुझाई भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,६७,३२५

३५ दिवा खाजा अनुदान

३५.१ कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा वापतको अनुदान निकासा गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ। त्यस्तै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका, परीक्षामा सामेल भएको दिनसमेतको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । यस वर्ष नगरपालिकाले १७ विद्यालयहरुलाई दिवा खाजाका लागि जम्मा रु. ६१२३६२३।- निकासा दिएको छ। नगरपालिकाले दिवा खाजाको रकम निकासा गर्दा इमिसमा समावेश भएको तथ्यांकलाई सत्यापन र दिवा खाजाको माग गर्दा माग फाराममा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरेको देखिएन।त्यस्तै नगरपालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन ।अत: नगरपालिकाले इमिसको तथ्यांकलाई

सत्यापन गराई, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरी निकासा दिनुपर्ने र दिवा खाजा गुणस्तर भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३५.२ **बढी निकासा:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१६,५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **निःशुल्क पाठ्यपुस्तक अनुदान**

३६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा स्थानीय तहले विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इमिसमा प्रविष्ट तथ्याङ्कसंग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष निःशुल्क पाठ्यपुस्तक खरिदको लागि १७ विद्यालयहरुलाई रू. ३८२१२७५।- अनुदान निकासा गरेकोमा इमिसमा प्रविष्ट तथ्याङ्कसंग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराएको देखिएन । अत: नगरपालिकाले इमिस तथ्याङ्कलाई सत्यापन तथा प्रमाणित गराई मात्र निकासा दिनुपर्ने, विद्यालयले समयमा खरिद गरी विद्यार्थीहरुलाई पुस्तक उपलब्ध गराए नगराएको, पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्वन्धमा निरन्तर अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ।

३६.२ **बढी निकासा:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२३,४५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६.३ **बिल भन्दा बढी निकासा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **९,११४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३७ **निः शुल्क रगत वितरण सेवा**

नगरपालिकाले आफ्नो क्षेत्रका सेवाग्राहीहरुको उपचारको लागि आवश्यक पर्ने रगत नेपाल रेडक्रस सोसाइटीबाट निःशुल्क उपलव्ध गराउने उद्देश्यले समानिकरण अनुदान चालु शिर्षकमा कार्यक्रम तर्जुमा गरी रु. १० लाख बजेट विनियोजन गरेकोमा रु. ७ लाख ५९ हजार खर्च भएको छ । पालिकाले नेपाल रेडक्रस सोसाइटीसंग २०८१ असार मसान्तसम्मको लागि २०७९ साल श्रावणमा सम्झौता गरेकोमा उक्त सम्झौताको २०८१ श्रावण २३ गते नविकरण गरेको छ । अस्पतालको प्रेस्क्रिप्सन कार्ड र नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपी संलग्न राखि निवेदन पेश गरेको आधारमा नेपाल रेडक्रस सोसाइटीले निःशुल्क रगत उपलव्ध गराउने र सोही कागजातको आधारमा नगरपालिकाले रेडक्रस सोसाइटीलाई सोधभर्ना दिने गरेको छ । पालिकाले कार्यक्रम कार्यान्वियन गर्न मापदण्ड र कार्यविधि तर्जुमा गर्नुपर्नेमा गरेको देखिएन ।

३८ **स्वास्थ्य बीमा खर्च**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६ को उपनियम २ अनुसार स्थानीय तहहरुले आर्थिक रुपले विपन्न तथा गरीव लगायत लक्षित वर्गको स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था छ । पालिकाले जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यविधि, २०७९ छैठौ नगर सभा २०७९।३।२० बाट पारित गरेको छ । सो अनुसार यस वर्ष ६० वर्ष देखि ६९ वर्ष पुरा भएका जेष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनप्रतिनिधि, कर्मचारी र दर्ता सहयोगीहरु लगायत करिव चारहजार जनाको स्वास्थ्य बीमा गरी रु. ९९,७१,५००।०० स्वास्थ्य बीमा बोर्ड लाई भुक्तानी गरेको छ ।

३९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको ९ नं वडा र २ नं वडा कार्यालय रहेको ६१०.१४ वर्ग मिटर क्षेत्रफल भएको सरकारी जग्गाको लगत किताबबाट देखिन्छ । पालिकसंग चारपाङ्ग्रे सवारी साधनहरुमा दमकल, व्याकहो लोडर, रोलर, डोजर १/१ थान, पिकअप भ्यान ५, जिप ३ थान, कार ५ थान, एम्बुलेन्स ३ थान, जेट मेशिन १ थान, मिनि ट्रक ४ थान, ट्रक १ थान र दुई पाङ्गे सवारी साधन १८ थान रहेको विवरणमा उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको छैन।सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड पनि बनेको छैन ।संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी प्रतिवेदन लिएको छैन

४० **खर्चको पुष्ट्याई**

४०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) बमोजिम सरकारी रकम खर्च गर्दा उक्त खर्च पुष्टि गर्ने बिल, भरपाई तथा आवश्यक प्रमाण र कागजातहरू संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका गोश्वारा भौचरहरूमा उल्लेखित खर्चको विवरणमा आवश्यक प्रमाण नपुगेको देखिएकाले सो पेश गर्नुपर्ने, अन्यथा उक्त रकम असुल उपर गर्नुपर्ने देखिन्छ:

- गो.भौ.नं. १३४९/२०८२।१२।०८: जात्रा, चाडपर्व सञ्चालन तथा सांस्कृतिक प्रतियोगिता प्रदर्शनी कार्यक्रमको वृत्तचित्र (Documentary) निर्माण गरेबापत 'हेम्सेभेन टेक' लाई रू. २,२६,०००।– भुक्तानी भएको देखिन्छ। तर, उक्त भुक्तानी विवरणमा वृत्तचित्रको भिडियो र कार्यक्रम सञ्चालन गर्ने फर्म छनोट प्रक्रिया सम्बन्धी कुनै पनि कागजात संलग्न नरहेको।

- गो.भौ.नं. १३९४/२०८२।१२।०८: महिला, बालबालिका तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत गणेश मा.वि. नगदेशलाई भुक्तानी भएको खर्च विवरणमा प्रशिक्षणबापत प्रतिव्यक्ति रू. ३,०००।– का दरले १० जनालाई जम्मा रू. ३०,०००।– भुक्तानी गरिएको देखिन्छ। तर, उक्त प्रशिक्षण सञ्चालन भएको आधिकारिक प्रमाण (प्रतिवेदन, उपस्थिति वा तस्बिर आदि) पेश नभएको।

- गो.भौ.नं. १४६५/२०८२।१२।२०: ज्येष्ठ तथा एकल महिला अवलोकन भ्रमण निरन्तरता कार्यक्रम अन्तर्गत सञ्जय पोखरेललाई रू. ५,००,०००।– भुक्तानी भएको देखिन्छ। खर्च विवरणमा उल्लेखित गाडी भाडाबापतको रू. ७०,०००।– र न्यू एभरेष्ट पाटी प्यालेसको खाजा–खानाबापतको रू. ४,४७,४८०।– खर्च गर्दा नियमअनुसार गर्नुपर्ने सम्झौता पत्र संलग्न नरहेको।

- गो.भौ.नं. १५११/२०८२।१२।२६: ज्येष्ठ तथा एकल महिला अवलोकन भ्रमण निरन्तरता कार्यक्रम अन्तर्गत नै रबिना पौड्याललाई रू. ४,९८,०००।– भुक्तानी भएको देखिन्छ। जसमा स्वयम् बैंक्वेटलाई रू. ४,१२,०००।– र गाडी भाडाबापत रू. ६०,०००।– गरी जम्मा रू. ४,७२,०००।– को सम्झौता पत्र पेश नभएको।

प्रमाण पेश नगरेको	११,७५,४८०

४०.२ बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१ **अन्य कार्यालयको खर्च**

स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम स्थानीय तहले नेपाल सरकारको सम्वन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्वन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र सम्वन्धित स्थानीय तहले त्यस्तो कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउन सक्ने व्यवस्था विनियोजन ऐनले गरेको छ । पालिकाले प्रहरी वृत्त ठिमीको बा. २ झ १८० नम्वरको स्कारपियो पिकअप गाडी मर्मत खर्च रु. २००,६८८।०० र सशस्त्र प्रहरी बल नेपाल नं. २२ गण हेड क्वाटर गुहेश्वरी दुवाकोटको ना. १ ग ६५६ नम्वरको गाडि मर्मत खर्च रु. २४३,८८४।०० समेत रु. ४४४,५७२।०० संघिय कार्यालयको खर्च लेखेको छ । संघीय सरकार गृह मन्त्रालयको कार्यक्षेत्र पर्ने प्रहरी कार्यालयको खर्च पालिकाले व्यहोरेको हुनाले उक्त खर्च नियम संगत भएको देखिएन ।

अनियमित भएको	४,४४,५७२

४२ **संस्कृतिक संक्षण एव संबर्द्धनका लागी सिप तथा प्रविधि हस्तान्तरण कार्यक्रम**

